फोन नं. ४५३४११९
४५११५३७
४५१९५०१

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग

फ्याक्स (९७७-१)-४५३९९०३
पोष्ट बक्स नं. २५००७
सानोगौचरण काठमाडौं, नेपाल


पत्र संख्या : ०८२/८३
च. नं. :- ९३२८

मिति: २०८२/१०/२७

**विषय: जानकारी एवं विवरण उपलब्ध गराइएको बारे।**

श्री सोनाम धार्पो तामाङ, फो.नं.: ९८४०८६०६८६७
श्री सोनाम छिरिङ तामाङ, फो.नं.: ९८४१२२२६९२
श्री सेल धोर्चे तामाङ, फो.नं.: ९८४९९९४०८४
श्री दावा फिन्जो तामाङ, फो.नं.: ९८६०२७३४०
श्री फुर्वा टासी तामाङ, फो.नं.: ९८२३७१८२४७
श्री पेम्बा छिरिङ तामाङ,
श्री पेम्पा टासी तामाङ, फो.नं.: ९८५१३४७५९७

प्रस्तुत विषयमा तहाँहरूबाट संयुक्त रुपमा मिति २०८२/१०/२६ (द.नं. ५९९२) को पत्रमार्फत सुपर सान्जेन जलविद्युत आयोजना स्थानीय सरोकारको विषय भित्र पर्ने र स्थानीय बासिन्दालाई कुनै जानकारी नगराई श्रोत दर्ता भएकोले दर्ता प्रक्रिया रोक्का वा बन्द गरी कम्पनी सम्बन्धी विवरण उपलब्ध गराई पाउँ भन्ने विषय रहेको पत्र प्राप्त भयो।

यस विषयमा एक मे.वा. सम्मको आयोजनाको अधिकार स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२ध) बमोजिम स्थानीय तहमा रहेको पाइन्छ भने एक मे.वा. भन्दा बढी क्षमताको आयोजनाको अधिकार विद्युत ऐन, २०४९ तथा विद्युत नियमावली, २०५० बमोजिम यस विभागमा रहने व्यवस्था छ।

तहाँबाट उल्लेख भएको सुपर सान्जेन जलविद्युत आयोजनाको जडित क्षमता ९.५ मे.वा. रहेको हुनाले प्रवर्द्धक श्री Hawking Power Private Limitedबाट मिति २०८२/०९/२२ (दर्ता न.४९०२) को पत्र मार्फत विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको लागि विद्युत नियमावली, २०५० को नियम ४ को अनुसूची-२ को ढाँचामा दरखास्त एवं विद्युत नियमावली, २०५० को अनुसूची-११ मा उल्लिखित सर्वेक्षण अनुमतिपत्रको दस्तुर रू. चालिस लाख सहित विभागमा दरखास्त दर्ता भएको हुनाले प्रचलित नियमानुसार उक्त दरखास्त उपर कारबाही भइरहेको व्यहोरा अनुरोध छ।

साथै यस आयोजनाको विस्तृत विवरणहरू विभागको website मा रहेको छ भने प्रवर्द्धक कम्पनीसँग सम्बन्धित निम्न जानकारी उपलब्ध गराइएको व्यहोरा निर्देशनानुसार अनुरोध छ।

कम्पनीको नामः श्री Hawking Power Private Limited
ठेगानाः काठमाण्डौ महानगरपालिका-१०, काठमाडौं, नेपाल।
फो.नं: ९८६२७७२६९९।

(सुजन निरौला)
इन्जिनियर

बोधार्थः
श्री Hawking Power Private Limited
फो.नं: ९८६२७७२६९९